नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## वैदेशिक रोजगार विभाग
**ई.पी.एस. कोरिया शाखा**
**म्काको, ललितपुर ।**

# प्रेस विज्ञप्ती ।

२०७८/०५/२१

ई.पी.एस. अन्तर्गत हालसम्म करिव ६५,००० भन्दा बढी नेपाली युवा कोरिया पुगिसकेका छन् । नेपाली कामदारहरु कर्तव्यनिष्ठ इमानदार, लगनशील र मेहनति भएकाले कोरियन रोजगारदाताको छनौटमा उच्च प्राथमिकतामा पर्ने गरेका छन् । विश्वभरी महामारीका रुपमा फैलिएको COVID-19 को कारणले बिगतमा लकडाउन भई अन्तराष्ट्रिय उडान समेत बन्द भएकोले दक्षिण कोरियामा नियमित तथा कमिटेड कामदारहरुको उडान प्रकृया रोकिएको करिब १९ महिना भन्दा बढि भैसकेको छ । माहामारीका कारण कोरियन सरकारले नेपाल लगायत अन्य देशबाट समेत कामदार भित्र्याउन रोक लगाएको व्यहोरा विदितै छ ।

उल्लेखित सन्दर्भमा, प्रकृया सुचारु गर्नका लागि नेपाल सरकारको तर्फबाट विभिन्न चरणमा एच.आर.डि सर्भिस अफ कोरिया समक्ष प्रयासहरु भैरहेकाछन् । यसै सन्दर्भमा मिति २०७८।०५।२१ (6 Sept, 2021) को दिन वैदेशिक रोजगार विभागका **महा–निर्देशक श्री दिपक काफ्लेज्यू** र ई.पी.एस.नेपाल सेन्टरका नेपाल प्रतिनिधि श्री KIM UN DUCK बिच प्रकृया सहजिकरणका लागि राखेका बिषयहरुमाथी छलफल भयो । सो अवसरमा दुबै पक्षले योजनाबद्ध रुपमा प्रकृया सहजिकरण गरी नेपालबाट दक्षिण कोरियामा नेपाली कामदार पठाउने बिषयमा आवश्यक गृहकार्य गरी प्रकृया सुचारु गर्ने बिषयमा केन्द्रित भई छलफल भयो ।

साथै आगामी दिनमा द्धिपक्षिय छलफल जारी राख्ने कुरामा दुई पक्षले बिश्वास ब्यक्त गरेका छन् ।

२०७८।५।२१
(शाखा अधिकृत)

**"कोरोनाबाट बच्न सुरक्षित उपाय अपनाऔं । आफु पनि बचौं, अरुलाई पनि बचाऔ।"**

**धन्यबाद !**